नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
स्वास्थ्य सेवा विभाग
इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

फोन नं. ०१-४२५५७९६
फ्याक्सः ०१ -४२६२२६८
Email:ewarsedcd@gmail.com
Website: edcd.gov.np
पचली, टेकु
काठमाण्डौं, नेपाल

मितिः २०८३/०६/१२

## विश्व रेविज दिवस २०२६ को सन्दर्भमा सर्वसाधारणमा जानकारी

### एकतामा शक्ति, रेबिजबाट मुक्ति

आज विश्व रेविज दिवस २०२६ मनाइँदैछ। हरेक वर्ष २८ सेप्टेम्वरमा मनाइने यो दिवस रेविजको रोकथाम, जनचेतना अभिवृद्धि तथा मानव र पशु स्वास्थ्यवीचको समन्वयलाई सुदृढ गर्दै रेविज निवारणतर्फको प्रतिवद्धता दोहोऱ्याउने अवसरका रूपमा लिइन्छ । २८ सेप्टेम्वर लुइ पास्चरको स्मृति दिवस समेत हो। रेविजविरुद्धको पहिलो सफल खोप विकासमा उहाँको महत्वपूर्ण योगदान रहेको थियो।

यस वर्ष "एकतामा शक्ति, रेविजवाट मुक्ति" (Stronger Together) भन्ने सन्देशका साथ विश्व रेविज दिवस मनाइँदैछ। रेविज घातक भए पनि रोकथाम गर्न सकिने रोग हो। विश्वभर हरेक वर्ष अनुमानित ५८,९९० मानिसको रेविजका कारण मृत्यु हुने गरेको छ। यसमध्ये ४७ प्रतिशत रेविजवाट हुने मृत्यु दक्षिणपुर्वी एसियामा तथा ३२.५ प्रतिशत अफ्रिकी मुलुकहरुमा हुने गर्दछ । यसमा करिव ४० प्रतिशत १५ वर्षभन्दा कम उमेरका वालवालिका छन्। मानव रेविजका करिव ९९ प्रतिशत घटनाहरु कुकुरसँग सम्वन्धित छन्।

### नेपालमा रेबिजको अवस्था

नेपालमा रेविज एक महत्वपूर्ण जनस्वास्थ्य समस्याका रूपमा रहेको छ। आर्थिक वर्ष २०८१/८२ मा देशभर २,२३,५१० वटा जनावरको टोकाइका घटनाहरु रिपोर्ट भएका छन्। तीमध्ये करिव ९६ प्रतिशत टोकाइ कुकुरवाट भएको छ। नेपालमा हुने मानव रेविजका करिव ९९ प्रतिशत घटना कुकुरको टोकाईसंग सम्वन्धित छन्। नेपालमा प्रत्येक वर्ष करिव १०० जनाको रेविजका कारण मृत्यु हुने अनुमान गरिएको छ। नेपालको करिव ५० प्रतिशत जनसंख्या उच्च जोखिम क्षेत्रमा वसोवास गर्ने र वालवालिका विशेष जोखिममा रहने अवस्था छ। देशभर रेविजसम्वन्धी सेवा विस्तार गर्ने क्रममा हाल २८६ वटा सेवा केन्द्रवाट रेविज विरुद्धको खोप सेवा उपलव्ध गराइएको छ।

### जनावरले टोकेमा तुरुन्त सही कदम अपनाऔं

कुकुर, विरालो वा अन्य सम्भावित रेविज संक्रमित जनावरले टोकेमा वा चिथोरेमा घटनालाई सामान्य ठानेर उपचारमा ढिलाइ गर्नु हुँदैन। यस्तो अवस्थामा घाउलाई साबुन र वगिरहेको पानीले कम्तीमा १५ मिनेटसम्म राम्ररी धुनुपर्छ र घाउमा खुर्सानी, तेल, माटो, जडीवुटी वा अन्य कुनै घरेलु पदार्थ लगाउनु हुँदैन। त्यसपछि सम्भव भएसम्म तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा गई स्वास्थ्यकर्मीको सल्लाहअनुसार उपचार तथा खोप सुरु गर्नुपर्छ र स्वास्थ्यकर्मीले दिएको सल्लाहअनुसार उपचारको निर्धारित प्रक्रिया पूरा गर्नुपर्छ। जनावरको टोकाइलाई सानो घाउ भन्दै वेवास्ता गर्नु हुँदैन। रेविजको लक्षण देखिएपछि सत प्रतिशत घातक हुने भएकोले लक्षण पर्खनु हुँदैन। जनावरले टोकेपछि समयमै उचित उपचार लिनु नै रेविजवाट हुने मृत्यु रोक्ने प्रमुख उपाय हो।

निर्देशक

नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
स्वास्थ्य सेवा विभाग
इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

फोन नं. ०१-४२५५७९६
फ्याक्सः ०१ -४२६२२६८
Email:ewarsedcd@gmail.com
Website: edcd.gov.np
पचली, टेकु
काठमाण्डौं, नेपाल

नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

कुकुरको नियमित खोप र जिम्मेवार पशुपालनमा जोड

मानवमा हुने रेविजको ठूलो हिस्सा कुकुरवाट सर्ने भएकाले कुकुरलाई नियमित रूपमा रेविजविरुद्धको खोप लगाउने, जिम्मेवार पशुपालन गर्ने तथा कुकुरको जनसंख्या व्यवस्थापनमा ध्यान दिने कार्य रेविज रोकथामका महत्वपूर्ण उपाय हुन्।

रेविज नियन्त्रणका लागि नेपालले एक स्वास्थ्य अवधारणा (One Health Approach) लाई प्राथमिकतामा राख्दै मानव स्वास्थ्य, पशु स्वास्थ्य, वन्यजन्तु, वातावरण, स्थानीय तह तथा समुदायवीचको समन्वयलाई अघि वढाइरहेको छ। रेविज निवारण उन्मूलन स्वास्थ्य क्षेत्रको मात्र जिम्मेवारी नभई सबै सम्वन्धित क्षेत्रको साझा प्रयासवाट सम्भव हुने विषय हो।

२०३० सम्म कुकुरवाट हुने मानव रेबिज मृत्यु शून्य बनाउने लक्ष्य

नेपालले २०३० सम्म कुकुरवाट सर्ने रेविजका कारण हुने मानव मृत्यु शून्य बनाउने लक्ष्य लिएको छ। यस लक्ष्य प्राप्तिका लागि रेविज निगरानी तथा प्रयोगशाला प्रणाली सुदृढीकरण, कुकुरको सामूहिक खोप, कुकुरको जनसंख्या व्यवस्थापन, रेविजविरुद्धको उपचारमा पहुँच सुधार तथा समुदायमा जनचेतना अभिवृद्धि लगायतका रणनीतिक कार्यहरू अघि वढाइएका छन्।

रेविज निवारणका लागि नेपालका सातै प्रदेशमा रेविज निवारण रणनीति तथा रोडम्याप विकास, उच्च जोखिम क्षेत्रमा समुदायमा आधारित जनचेतना तथा मानव र पशु स्वास्थ्य क्षेत्रबीचको समन्वयलाई समेत प्राथमिकता दिइएको छ।

रेविज रोकथाममा समुदायको भूमिका महत्वपूर्ण घरपालुवा कुकुर तथा बिरालोलाई नियमित खोप लगाउने, वालवालिकालाई जनावरसँग सुरक्षित व्यवहार गर्न सिकाउने, जनावरको टोकाइ वा चिथोराइपछि तत्काल स्वास्थ्य संस्थामा पुग्ने र समुदायमा रेविज सम्वन्धी सही जानकारी फैलाउने कार्यले रेविज रोकथाममा महत्वपूर्ण योगदान पुऱ्याउँछ।

रेविज घातक छ, तर रोकथाम सम्भव छ। त्यसैले जनावरले टोकेपछि तुरुन्तै घाउ धोऔं, स्वास्थ्य संस्थामा जाऔं र आवश्यक उपचार पूरा गरौं।

निर्देशक